# खिजीदेम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल


पत्र संख्या : २०७५/०७६

चलानी नं. : 638

मिति :- २०७५/११/२१

***श्री माध्यमिक विद्यालयहरु (सबै) तथा***
***श्री आधाभुत विद्यालयहरु (कक्षा-८ सञ्चालित)***
***खिजीदेम्वा गाउँपालिका ।***

***विषय :- परीक्षा सञ्चालन सम्बन्धमा ।***

प्रस्तुत विषयमा यस खिजीदेम्वा गाउँपालिकास्तरीय आधारभुत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा समितिको निर्णय अनुसार तपशिल बमोजिम परीक्षा सञ्चालन गर्न गराउन अनुरोध छ ।

***तपशिल :-***

१) खिजीदेम्वा गाउँपालिकास्तरीय आधारभुत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा २०७५ सञ्चालन गर्न सम्बन्धित विद्यालयलाई परीक्षा केन्द्र र विद्यालयका प्र.अ. लाई केन्द्राध्यक्ष तोकिएको छ ।
२) परीक्षा केन्द्रमा खटाईएका अनुगमन कर्ताको रोहवरमा परीक्षा सुरु हुनु भन्दा १५ मिनेट अगाडि मात्र पश्नपत्रको पोका खोल्ने ।
३) परीक्षा समाप्त भएपछि उत्तर पुस्तिकाहरु खामबन्दी लाहा छाप गरी सुरक्षित साथ राख्ने । अन्तिम दिनको परीक्षा समाप्त भएको भोली पल्ट सबै उत्तर पुस्तिकाकरु यस गाउँपालिकाको कार्यालयमा बुझाउने । उत्तर पस्तिकाको पोकामा विद्यालयको नाम, विषय, उ.पु. संख्या र मिति अनिवार्य रुपमा लेख्नु पर्ने छ ।
४) सम्बन्धित विद्यालयले प्रश्न पत्र मिति २०७५/१२/०४ गते यस गाउँपालिकाको कार्यालयबाट बुझ्नु पर्ने ।
५) मापदण्ड बमोजिमको उत्तर पुस्तिका विद्यालयले व्यवस्था गर्ने र गाउँपालिकाले प्रति विद्यार्थी रु. २५ का दरले एकमुष्ट रकम विद्यालयलाई उपलब्ध गराउने छ ।
६) उत्तर पुस्तिकामा विद्यार्थीको नाम, विषय र मिति प्रष्टसँग लेख्न लगाउने । विवरण अस्पष्ट भई नतिजा फरक परेमा विद्यालय नै जवाफदेहि हुनेछ ।
७) विद्यालयले विद्यार्थीको उत्तर पुस्तिका परीक्षण गर्न इच्छुक विषयगत शिक्षकको नाम, विषय र सम्पर्क नं. गाउँपालिकाको कार्यालयमा मिति २०७५/१२/०४ गते परीक्षा समितिलाई उपलब्ध गराउनु पर्नेछ । समितिले उपलब्ध शिक्षकहरुमध्येबाट उत्तर पुस्तिकाहरु परीक्षण गराई विद्यालयलाई हस्तान्तरण गर्ने छ । उत्तर पुस्तिका परीक्षण वापत तोकिए बमोजिम सुविधा उपलब्ध गराईने छ ।
९) विद्यालयले विद्यार्थीहरुको ग्रेड सिट र लेजर तयार गरी परीक्षा समितिबाट प्रमाणित गराई मिति २०७५/१२/३० सम्म नतिजा प्रकाशन गर्नु पर्नेछ ।
१०) आफ्नो विद्यालयबाट अनुगमनमा खटाईएका शिक्षकलाई अनिवार्य रुपमा पठाउनु पर्ने छ ।
११) कुनै आकस्मिक विदा पर्न गएमा परीक्षा समितिको अग्रिम सूचना विना परीक्षा स्थगित हुने छैन ।
१२) कक्षा-८ का मात्र विद्यार्थीहरु छुट्टै परीक्षा हलमा एक वेन्चमा २ जना मात्र राखी परीक्षा सञ्चालन गर्ने ।
१३) यस गाउँपालिका अन्तर्गतका सबै विद्यालयले यसै समय तालिका बमोजिम सञ्चालन गर्ने जानकारी गर्नहुन ।

.................................
श्याम कुमार खड्का
(प्रमुख प्रशासकीय अधिकृत)



इमेल : khijeedembarm2073@gmail.com
Phone No. 9748642789

१४)परीक्षाको समय तालिका :-

| क्र.सं. | मिति | बार | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | २०७५/१२/०७ | विहिवार | अ.अग्रेजी | |
| २ | २०७५/१२/०८ | शुक्रवार | नेपाली | |
| ३ | २०७५/१२/१० | आईतवार | गणित | |
| ४ | २०७५/१२/११ | सोमवार | विज्ञान र वातावरण शिक्षा | |
| ५ | २०७५/१२/१२ | मंगलवार | सामाजिक अध्ययन र वातावरण शिक्षा | |
| ६ | २०७५/१२/१३ | बुधवार | पेशा, व्यवसाय र प्रविधि शिक्षा | |
| ७ | २०७५/१२/१४ | विहिवार | स्वास्थ्य तथा शारीरिक शिक्षा + नैतिक शिक्षा | |
| ८ | २०७५/१२/१५ | शुक्रवार | स्थानीय विषय/मातृभाषा | |
| | | | | |

१) परीक्षा दिनको ठिक १:०० बजे देखि सञ्चालन गर्ने ।

१५) कक्षा १-५ को स्थानीय विषय/मातृभाषा मिति २०७५/१२/१३ गते सञ्चालन गर्ने, साथै कक्षा -९ को ऐच्छिक प्रथम पत्र र ऐच्छिक द्वितीय पत्र विषयको परीक्षा क्रमशः मिति २०७५/१२/१४ र १५ गते सञ्चालन गर्ने ।

१६) अन्य कक्षाहरुको वार्षिक परीक्षा वडास्तरीयरुपमा यसै समय तालिका बमोजिम सञ्चालन गर्ने ।

१७) विद्यालयले कक्षा ८ को प्रयोगात्मक अंक समस्टिगत फाराममा भरी मिति २०७५/१२/१३ गते यस गाउँपालिकाको कार्यालयमा पेश गर्ने ।

१८) विद्यालयले कक्षा ८ को शै.स. २०७५ को विद्यार्थी विवरण जन्मदर्ताको आधारमा फाराम Englisf (Block letter) भरी मिति २०७५/१२/०४ गते अनिवार्यरुपमा यस गाउँपालिकाको कार्यालयमा पेश गर्ने । Date of birth मिति कम्तीमा २०६३ साल हुनु पर्नेछ ।

| S.No | Name of Student | Address | Date of birth | Father's name | Mother's name | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |

बोधार्थ :

१. श्री सबै वडा कार्यालयहरु । (आवश्यक अनुगमन र समन्वय गरिदिनहुन ।)

श्याम कुमार खड्का
(प्रमुख प्रशासकीय अधिकृत)